# स्थानीय राजपत्र

## गल्छी गाउँपालिकाद्धारा प्रकाशित

खण्डः | संख्याः | मितिः २०७७/०३/२४

भागः २


गल्छी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बैरेनी, धादिङ

## शिक्षक दरवन्दी मिलान तथा विद्यालयलाई गाउँपालिकाबाट वितरण गरिएको शिक्षण स्वयम् सेवक परिचालन एवम् अनुदान वितरण कार्यविधि, २०७७

गल्छी गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहको सर्वपक्षीय विकासमा सघाउ पर्याउनका लागि विद्यार्थी संख्या, विद्यालयको अनुमति/स्वीकृति, कक्षा सञ्चालन तथा विषयगत रुपमा दरवन्दी मिलान गरी आवश्यक शिक्षक दरवन्दीको स्थायी व्यवस्था नभएसम्म गाउँपालिकाबाट शिक्षण स्वयम्सेवक कोटा वितरण गरी सोको आधारमा विद्यालय सञ्चालन गर्न आवश्यक देखिएकोले सो सम्बन्धी कार्यमा पारदर्शिता, एकरुपता एवं स्पष्टता कायम गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम शिक्षक दरवन्दी मिलान गरी विद्यालयलाई गाउँपालिकाबाट शिक्षण स्वयम् से वकपरिचालन तथा अनुदान वितरण गर्ने कार्यविधि, २०७७ गाउँ कार्यपालिकाको दोस्रो बैठकबाट स्वीकृत गरी जारी गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः–

१.१. शिक्षक दरवन्दी मिलान तथा शिक्षण स्वयम्सेवक परिचालन एवं अनुदान वितरण कार्यविधि, २०७७ रहेको छ ।

१.२. गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा:–

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा–

क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

ख) **"मन्त्रालय"** भन्नाले शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्दछ ।

ग) **"कार्यविधि"** भन्नाले दरवन्दी मिलान तथा शिक्षण स्वयम्सेवक परिचालन एवं अनुदान वितरण कार्यविधि, २०७७ सम्झनु पर्दछ ।

घ) **"गाउँपालिका"** भन्नाले गल्छी गाउँपालिका धादिङ लाई सम्भस्नु पर्दछ ।

ङ) **"कार्यपालिका"** भन्नाले गल्छी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

च) **"शिक्षा शाखा"** भन्नले गल्छी गाउँपालिकाको शिक्षा शाखालाई सम्झनु पर्दछ ।

छ) **"सामुदायिक विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गल्छी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

झ) **"शिक्षा अधिकृत"** भन्नाले गल्छी गाउँपालिकामा कार्यरत शिक्षा सेवाको अधिकृत सम्भस्नुपर्छ सो शब्दले विद्यालय निरीक्षक समेतलाई जनाउने छ ।

ञ) **"शिक्षक छनोट समिति"** भन्नाले शिक्षण स्वयम्सेवक छनौट गर्ने प्रयोजनका लागि परिच्छेद ४ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

ट) **"शिक्षक दरवन्दी"** भन्नाले गाउँपालिका भित्रका विद्यमान मौज्दात दरवन्दी, राहत, बालविकास केन्द्र तथा केन्द्र एवं प्रदेशद्वारा वितरण गरिने शिक्षण सहयोग अनुदान र गाउँपालिकाबाट वितरण गरिने शिक्षण स्वयम्सेवक कोटालाई समेत जनाउने छ ।

ठ) **"शिक्षक"** भन्नाले दरवन्दी, राहत, शिक्षण सहयोग अनुदान र शिक्षण स्वयम्सेवक कोटामा कार्यरत शिक्षकलाई सम्झनु पर्दछ ।

ड) **"विशेषज्ञ"** भन्नाले सम्बन्धित विषयमा स्नातकोत्तर तह (माध्यमिकको लागि) स्नातक तह (आधारभूत तहको लागि) उत्तीर्ण गरेको नेपाल सरकारको स्थायी वा

अस्थायी दरवन्दीमा कार्यरत भई कुनै पनि सरकारी निकाय वा तहबाट विज्ञ सूचीमा सूचीकृत गरेका यस गाउँपालिका भित्रका वा धादिङ जिल्ला भित्रका शिक्षक सम्झनु पर्दछ ।

ढ) 'तलव भत्ता" भन्नाले यस कार्यविधिको अनुसूचि-१ बमोजिम शिक्षण स्वयम्सेवकलाई मासिक रुपमा भुक्तानी गरिने रकम सम्झनु पर्दछ ।

## परिच्छेद-२
## शिक्षक दरवन्दी मिलान तथा शिक्षण स्वंसेवक कोटा वितरण

गाउँपालिकाले शिक्षक दरवन्दी मिलान तथा शिक्षण स्वयम्सेवक कोटा वितरण गर्दा अवलम्वन गर्ने आधारहरुः-

२.१. शिक्षक तथा विद्यार्थी संख्या

क) शैक्षिक सत्र २०७६ को विद्यालयले पेश गरेको शैक्षिक तथ्याङ्कको आधारमा कक्षागत तथा तहगत विद्यार्थी संख्या

ख) विद्यालयमा कार्यरत स्थायी अस्थायी राहत करार अनुदान कोटा बालविकास कोटा र निजी स्रोतमा हाल कार्यरत शिक्षकहरुको संख्यात्मक विवरण

ग) विद्यालयमा विद्यार्थी संख्या १५ लाई न्यूनतम विद्यार्थी कायम गरिने छ । सो भन्दा कम विद्यार्थी संख्या भएमा त्यस्ता विद्यालयहरुको कक्षा/तह घटाउने प्रकृया अगाडि बढाइनेछ ।

घ) सामान्यतया विद्यालयमा विद्यार्थी संख्या कक्षागत रुपमा ४५ जना हुनुपर्नेछ तर ६५ जना भन्दा बढी विद्यार्थी एउटै कक्षा कोठामा भएमा सेक्सन खोल्न सकिने छ त्यसरी सेक्सन खोल्नु पर्ने अवस्था आएमा थप सेक्सनका लागि थप शिक्षकको व्यवस्था क्रमश गरिने छ ।

२.२. भौगोलिक आधार

क) पूर्व प्राथमिक विद्यालय देखि कक्षा ३ सम्म अध्ययन गर्ने विद्यार्थीलाई अधिकतम २० मिनेटको पैदल दूरी भन्दा बढी हिड्न नपर्ने गरी व्यवस्थापन गरिने छ ।

ख) कक्षा ४ र ५ अध्ययन गर्ने विद्यार्थीहरुलाई अधिकतम ३० मिनेटको पैदल दूरी भन्दा बढी हिड्न नपर्ने गरी व्यवस्थापन गरिनेछ ।

ग) कक्षा ६ देखि ८ मा अध्ययन गर्ने विद्यार्थीहरुलाई अधिकतम ४५ मिनेटको पैदल दूरी भन्दा बढी हिड्न नपर्ने गरी व्यवस्थापन गरिनेछ ।

घ) कक्षा ९ र १० अध्ययन गर्ने विद्यार्थीलाई अधिकतम १ घण्टाको पैदल दुरी भन्दा

बढी हिड्न नपर्ने गरी व्यवस्थापन गरिनेछ ।

ङ) कक्षा ११ र १२ लाई आवश्यकता अनुसार व्यवस्थापन गरिनेछ ।

२.३ विद्यालय तथा तहगत विद्यार्थी अनुपात

क) कक्षा १–३ संचालन भएका विद्यालयहरुको सम्बन्धमा

अ) विद्यालयमा १३ जना भन्दा कम विद्यार्थी भएमा उक्त विद्यालयमा आवश्यकताका आधार मा बालविकास केन्द्र कायम गरी नजिकको विद्यालयमा समायोजन गरिने छ ।

आ) विद्यार्थी संख्या १५ देखि माथि ४० जनासम्म भएमा २ दरवन्दी कायम गरिने,

इ) विद्यार्थी संख्या ४० जना भन्दा बढी रहेमा ३ दरवन्दी कायम गरिने छ । तर १०० जना विद्यार्थी नपुगेसम्म थप दरवन्दीको व्यवस्था गरिने छैन ।

ख) कक्षा १–५ संचालन भएका विद्यालयहरुको सम्बन्धमा

अ) विद्यालयमा १५ जना भन्दा बढी ३० जना भन्दा कम विद्यार्थी रहेमा तह/कक्षा घटाइने छ र २ दरवन्दी कायम गरिने छ,

आ) विद्यालयमा ३१ देखि ६० जना विद्यार्थी रहेमा ३ दरवन्दी कायम गरिने छ,

इ) विद्यालयमा ६१ देखि ९० जना विद्यार्थी भएमा ४ दरवन्दी कायम गरिने छ,

ई) विद्यालयमा ९१ देखि माथि विद्यार्थी रहेमा ५ दरवन्दी कायम गरिने छ । तर १५० जना विद्यार्थी नपुगेसम्म थप दरवन्दीको व्यवस्था गरिने छैन ।

ग) आधारभूत तह कक्षा ६–८ संचालन भएका विद्यालयहरुको सम्बन्धमा

अ) आधारभूत तह कक्षा ६–८ संचालन भई विद्यार्थी संख्या ४५ भन्दा न्यून भए २ दर वन्दी र सो भन्दा माथि ९० जनासम्म रहेमा ३ दरवन्दी कायम गरिने छ,

आ) विद्यालयमा ९० जना भन्दा माथि रहेमा ४ दरवन्दी कायम गरिनेछ । यसरी कायम गरिने दरवन्दी गणित, विज्ञान, अंग्रेजी, नेपाली र सामाजिक गरी क्रमश मिलाइने छ ।

इ) निम्न माध्यमिक तहको दरवन्दी थप घट गर्दा विषयगत आधारलाई लिइने छ ।

ई) निम्न माध्यमिक तहको तोकिए बमोजिमको दरवन्दी अपुग हुन गएमा प्राथमिक तहको दरवन्दीबाट त्रस्मश मिलान गरिने छ ।

घ) माध्यमिक तह कक्षा ९–१० संचालन भएका विद्यालयहरुको सम्बन्धमा

अ) माध्यमिक तह कक्षा ९–१० संचालन भएका विद्यालयमा माध्यमिक तहको न्यूनतम ४ दरवन्दी कायम गरिने छ । जस्का लागि हाल सम्बन्धित विद्यालयमा रहेको दर वन्दी वा राहत वा शिक्षण सहयोग अनुदानमा कार्यरत समेत गणना गर्दा नपुग भएको अवस्थामा पालिकाबाट श्रृजना गरिएको शिक्षण स्वयम्सेवकबाट परिपूर्ति गरिनेछ

। यसरी कायम गरिने दरवन्दी गणित, विज्ञान, अंग्रेजी, नेपाली र सामाजिक गरी क्रमशः मिलाइने छ ।

आ) माध्यमिक तहको तोकिएको दरवन्दी अपुग भएमा प्राथमिक/निम्न माध्यमिक तहको दरवन्दीमा कार्यरत गणित, विज्ञान, अंग्रेजी, लेखा, नेपाली र सामाजिक विषयमा स्नातकोत्तर उत्तीर्ण शिक्षकलाई विषय मिल्ने र निजको स्वीकृति रहेमा माध्यमिक तह संचालन रहेको विद्यालयमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सहमतिमा सेवा गरी व्यवस्थापन गर्न सकिने छ र निजको रित्तस् स्थानमा दरवन्दी मिलानबाट व्यवस्थापन गरिनेछ ।

इ) प्राविधिक धार समेत सञ्चालन भएको माध्यमिक विद्यालयमा माध्यमिक तहको एक शिक्षण स्वयम्सेवक कोटा थप गर्न सकिनेछ । थप भएको कोटामा विद्यालयको आवश्यकता बमोजिम विषयगत शिक्षक नियुक्ति गरिनेछ ।

ङ) माध्यमिक तह कक्षा ११-१२ संचालन भएका विद्यालयहरुको सम्बन्धमा

अ) माध्यमिक तह कक्षा ११ र १२ का लागि शिक्षक दरवन्दी मिलान तथा समायो जन उच्च माध्यमिक शिक्षक व्यवस्थापन निर्देशिका,२०७१ अनुसार गाउँपालिकामा उपलब्ध दरवन्दी तथा अनुदान कोटाका आधारमा गरिने छ ।

२.४ माथि उल्लेखित आधारमा दरवन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक वा दर वन्दीलाई गाउँपालिकाले पुल दरवन्दीमा कायम गरी शिक्षक विद्यार्थी अनुपातका आधारमा सवैभन्दा बढी विद्यार्थी भएका विद्यालयलाई प्राथमिकता दिइ पदस्थापन गरिने छ ।

२.५ दरवन्दी कटौती तथा शिक्षक पदस्थापना सम्बन्धमा

अ) विद्यालयको शिक्षक दरवन्दी कटौती गर्दा नियुक्तिको कनिष्ठताका आधारमा गरिने छ ।

आ) कटौती भएका शिक्षकहरुलाई थप हुने विद्यालयको सूची प्रकाशन गरी जेष्ठताका आधारमा विद्यालय रोजाइ पदस्थापना गरिने छ ।

इ) कुनै विद्यालयमा कटौती हुने शिक्षकको सट्टा सोही विद्यालयका अन्य शिक्षकको आपसी मञ्जुरीमा अन्य विद्यालयमा जान चाही निवेदन दिएमा निवेदकलाई समेत एकमुष्ट लिष्टमा समावेश गरी विद्यालय रोजाइने छ ।

ई) कटौती हुने शिक्षकले अन्य विद्यालयको लागि रोजाइको फाराम नभरेमा वा निवे दन पेश नगरेमा अन्य शिक्षकले रोजी बाँकी रहेको विद्यालय मध्ये निज शिक्षकको निकटताको विद्यालयमा पदस्थापना गरिने छ ।

उ) दरवन्दी कटौती भइ अन्यत्र पदस्थापना गर्नुपर्ने शिक्षकहरु मध्ये स्नातकोत्तर उत्तीर्ण शिक्षकलाई सकेसम्म माध्यमिक विद्यालयमा पदस्थापना गरिने छ ।

उ) माथिल्लो योग्यता भएको शिक्षकलाई सकेसम्म साविकको निम्न माध्यमिक तथा माध्यमिक विद्यालयमा पदस्थापना गरिने छ ।

ए) दरवन्दी कटौती भई अन्यत्र शिक्षक व्यवस्थापन गर्दा अपाङ्गताको प्रकार हेरी अपाङ्ग शिक्षक र महिला शिक्षकलाई प्राथमिकता दिइ पदस्थापना गरिने छ ।

ऐ) हरेक २/२ वर्षमा विद्यार्थी संख्याका आधारमा दरवन्दी मिलान कार्य गरिने छ ।

ओ) लगातार ५ वर्ष भन्दा बढी एउटै विद्यालयमा कार्यरत शिक्षकलाई विद्यालय व्यवस्थापन समितिको समन्वयमा क्रमशः अन्य विद्यालयमा सेवा गर्न सकिने छ ।

## परिच्छेद–३

### विषय विशेषज्ञको छनौट सम्बन्धी व्यवस्थाः–

३.१. गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त दरवन्दी, राहत कोटा, शिक्षण सहयोग अनुदान तथा गाउँपालिकाबाट वितरण गरिने शिक्षण स्वयम्सेवक शिक्षक छनौट गर्न देहायका योग्यता पुगेका शिक्षकहरुबाट गाउँपालिकाले ७ दिने सूचना प्रकाशित गरी विषय विज्ञमा सूचीकृत हुन निवेदन माग गर्नेछ ।

३.२. विषय विज्ञको योग्यताः–

अ) माध्यमिक तहको शिक्षक नियुत्तिस्का लागि सम्बन्धित विषयमा स्नातकोत्तर गरी माध्यमिक तहको दरवन्दी वा राहत कोटामा रही कम्तीमा ५ वर्ष स्थायी वा अस्थायी सेवा अवधि पूरा गरेका यस गाउँपालिकाभित्रका वा धादिङ जिल्ला भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक

आ) आधारभूत तहको शिक्षक नियुक्तिका लागि सम्बन्धित विषयमा स्नातक गरी निम्नमाध्यमिक वा माध्यमिक तहको दरवन्दी वा राहत कोटामा रही कम्तीमा ५ वर्ष स्थायी वा अस्थायी सेवा अवधि पूरा गरेका यस गाउँपालिका भित्रका वा धादिङ जिल्ला भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक

इ) कार्यरत सम्बन्धित विद्यालयबाट सेवा अवधि सम्बन्धी प्रमाणित पत्र

३.३. छनौट सम्बन्धी प्रावधान

अ) माथि ३.१. बमोजिम पर्न आएको रितपूर्वकको निवेदन उपर जाँचबुझ गरी गाउँ शिक्षा समितिले विषय विज्ञको सूची प्रकाशित गर्नेछ ।

आ) सूचिकृत भएका विषय विज्ञ उपर चित्त नबुझेमा अन्तिम नतिजा प्रकाशन भएको

मितिले ३ दिनभित्र आवश्यक सवुत प्रमाण सहित गाउँकार्यपालिकामा उजुरी दिन सक्नेछ ।

इ) शिक्षक छनौट तथा सिफारिशका लागि लिइने लिखित परीक्षाको निर्धारित पाठ्यक्रम र तोकिएको ढाँचा अनुसारको प्रश्नपत्र तयार गर्ने, उत्तरपुस्तिका परीक्षण गर्ने काम सूचीकृत विषय विज्ञबाट हुनेछ ।

ई) विषय विज्ञबाट जुन दिन लिखित परीक्षा सञ्चालन हुने हो सोही दिन विहानै तोकिएको परीक्षा भवनमा उपस्थिति भई गोपनियताका साथ प्रश्नपत्र निर्माण गर्नुपर्नेछ ।

## परिच्छेद-४

## शिक्षण स्वयम्सेवक शिक्षक छनौट तथा सिपसरिश समितिको संरचना, काम कर्तव्य अधिकार

४.१. छनौटका लागि देहाय बमोजिमका सदस्य रहेको एक सिफारिश समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) सम्बन्धित विषयको २ जना विषय विज्ञ-सदस्य

ग) सामाजिक विकास समिति गल्छीका संयोजक-सदस्य

ग) शिक्षा अधिकृत- सदस्य-सचिव

४.२. समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) गाउँपालिकाले सृजना गरेको शिक्षण स्वयम्सेवक शिक्षक पद वा कोटा संख्या तथा विद्यालयबाट माग भए बमोजिमको विषयको अधिनमा रही खुला प्रतियोगितात्मक परीक्षाबाट शिक्षक करारमा नियुक्ति गर्न आवश्यक कार्य गर्ने ।

ख) शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रमको अधिनमा रही परीक्षा सञ्चालनका लागि आवश्यक सूचना प्रकाशन गर्ने, प्रश्नपत्रको निर्माण गर्ने, गराउने, गोपनियता कायम गर्ने, लिखित र मौखिक परीक्षा सञ्चालन गर्ने, उत्तरपुस्तिका परीक्षण गराउने र अन्तिम नतिजा प्रकाशन गर्ने तथा नियुक्तिस्का लागि सिफारिश गर्ने ।

ग) परीक्षा सञ्चालनका लागि आवश्यक जनशक्ति परीचालन गर्ने गराउने ।

घ) परीक्षालाई मर्यादित, स्वच्छ, निष्पक्ष एवं त्रुटिरहित तुल्याउन आवश्यक कार्य गर्ने ।

ङ) गाउँपालिका एवं गाउँ शिक्षा समितिसँग परीक्षा सञ्चालनको सम्बन्धमा आवश्यक समन्वय गर्ने गराउने ।

४.३. समितिको बैठक सम्बन्धी कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

४.४. समितिमा रहेका सदस्यहरुको कार्यविभाजन समितिको बैठकले तोके बमोजिम हुनेछ ।

४.५. समितिको बैठक तथा परीक्षा सञ्चालनमा तोकिए बमोजिमको बैठक भत्ता तथा परीक्षा सञ्चालन खर्च गाउँपालिकाको विद्यमान नियमानुसार उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद-५

## शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था

५.१. प्रतियोगिताका लागि विज्ञापन गर्नुपर्नेः-

५.१.१. दफा ४.१. बमोजिम गठित शिक्षक छनौट समितिले स्वयम्सेवक शिक्षक उपलब्ध गराउने विद्यालयको नाम तह विषय सहितको कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुका साथै वडा कार्यालय र गाउँ कार्यपालिकाको कार्यालयमा सूचना टाँस गर्नुपर्नेछ । यस्तो सूचना सम्बन्धित स्थानीय तहका पत्रपत्रिकाका साथै एफ.एम.रेडियो मार्फत प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

५.२. दरखास्त बुझाउनु पर्नेः-

५.२.१. प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले आफूले काम गर्न चाहेको विद्यालय, तह र विषय समेत खुलाई शिक्षक छनौट समितिमा तोकिए बमोजिकको परीक्षा दस्तुर दाखिला गरेको निस्सा सहित विज्ञापनमा स्थान र अवधिभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।

५.३. शिक्षण स्वयम्सेवक हुन आवश्यक योग्यताः-

५.३.१. शिक्षण स्वयम्सेवक शिक्षक पदको लागि लिइने प्रतियोगितात्मक परीक्षामा उम्मेदवार हुन देहाय बमोजिमको शैक्षिक योग्यता हुनु पर्नेछ ।

क) नेपाली नागरिक

ख) अठार वर्ष उमेर पूरा भई चालिस वर्ष उमेर ननाघेको

ग) मगज नविग्रेको

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको

ङ) भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त नगरिएको,

च) माध्यमिक तहको शिक्षण स्वयम्सेवकका लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण भएको

छ) निम्नमाध्यमिक तहको शिक्षण स्वयम्सेवकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण

भएको

ज) स्वयम्सेवक शिक्षक पदमा आवेदन दिन विज्ञान, लेखा र कम्प्युटर विषय बाहेक अन्य विषयको हकमा शिक्षा संकायबाट तोकिए बमोजिमको न्युनतम तह उत्तीर्ण गरेको हुनुपर्ने छ ।

५.४. स्वयम्सेवक शिक्षकको लागि लिइने परीक्षाको पाठ्यत्रस्म शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।

५.५. करार स्वयम्सेवक शिक्षकको लागि भर्ना सम्बन्धी परीक्षाको स्वरुप देहाय बमोजिम हुनेछ ।

क) लिखित परीक्षाको १०० अंक हुनेछ र उत्तीर्णाङ्क ४० अंक हुनेछ ।

ख) अन्तरवार्ताको लागि २५ अंक हुनेछ जस अन्तर्गत

अ) शैक्षिक योग्यताका लागि ३ अंक हुनेछ जसमध्ये तोकिएको न्यूनतम शैक्षिक वापत प्रथम, द्वितीय र तृतीय श्रेणीका लागि क्रमशः ३,२ र १ अंक हुनेछ ।

आ) अनुभव वापत १२ अंक जस अन्तर्गतजुन तहको शिक्षक हुनका लागि दरखास्त पेश गरेको छ सोही तहमा यस पालिका अन्तर्गतका विद्यालयमा कार्यरत भएमा प्रति वर्ष १ अंकका दरले बढीमा १२ अंक उपलब्ध गराइने छ ।

५.६. माथि उल्लेखित पूर्णांकका आधारमा सपस्ल भएका उम्मेदवारलाई छनौट समितिले सिफारिश गर्नेछ र गाउँपालिकाले नियुक्ति दिनुका साथै करार सम्झौता गरी तोकिए बमोजिमको विद्यालयमा पदस्थापन गर्नेछ ।

५.७. सरुवा नहुनेः यस प्रकृतिका शिक्षकको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा हुने छैन ।

५.८. स्वयम्सेवकको काम, कर्तव्य र अधिकारः शिक्षण स्वयम्सेवकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) हप्तामा कम्तिमा चौविस कक्षा (पिरियड) अध्यापन गर्नुपर्ने,

ख) पाठ्यक्रमले निर्धारण गरे बमोजिमको औपचारिक परीक्षा तथा निरन्तर विद्यार्थी मूल्याँकन प्रणालीको प्रयोग गरी अध्यापन गरेको विषयमा विद्यार्थीको शैक्षिक स्तर मूल्याँकन गर्ने,

ग) विद्यालयले तोकेको अन्य कार्यहरु गर्ने ।

५.९. स्वयम्सेवकको अवकाश सम्बन्धी व्यवस्था :१) स्वयम्सेवकलाई देहाय बमोजिमको अवस्थामा प्रधानाध्यापकले अवकाश दिन सक्नेछन् :-

क) सम्भौता बमोजिमको अवधि समाप्त भएमा,

ख) स्वैच्छिक रुपले अवकाश लिने इच्छा गरी प्रधानाध्यापक समक्ष दुई महिना पूर्व

लिखित निवेदन दिएमा,

ग) शारीरिक अस्वस्थताको कारण विद्यालयमा उपस्थित भई नियमित कामकाज गर्न असमर्थ भएमा,

घ) खराव आचरण प्रदर्शन गरेमा,

ङ) विना सूचना पन्ध्र दिनसम्म विद्यालयमा अनुपस्थित रहेमा,

च) सन्तोषजनक रुपमा कार्य सम्पादन नगरेमा ।

५.१०. माथि ५.१० मा जुनसुकै कुरा लेखिएको भए तापनि खण्ड (च) बमोजिमको अवस्थामा विद्यालय व्यवस्थापन समितिले पर्याप्त आधार र प्रमाण सहित सिफारिश गरेको स्वयम्सेवकलाई गाउँपालिकाले निर्णय गरी हटाउन सक्नेछ । तर त्यसरी हटाउनु अघि निजलाई सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद–६

## शिक्षण स्वयमंसेवकको सेवा, शर्त र सुविधा

६.१. स्वयम्सेवकको सेवा शर्तः ६.१.१. स्वयम्सेवकको कार्यावधि एक शैक्षिक सत्रको हुनेछ । सम्बन्धित विद्यालय व्यवस्थापनको सिफारिशमा प्रत्येक वर्ष गाउँपालिकाबाट करार सम्झौत नवीकरण गर्नुपर्नेछ ।

६.१.२. स्वयम्सेवकले नियुक्ति भएको विद्यालयमा उपस्थित भई तोकिएको विषयमा नियमित शिक्षण गर्नुपर्नेछ ।

६.१.३. स्वयम्सेवकले सम्भसैतामा तोकिए बमोजिमको शर्तहरु अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

६.२. स्वयम्सेवकलाई दिइने सुविधा रु ६.२.१ स्वयम्सेवकलाई अनुसूची–१ बमोजिमको मासिक निर्वाह भत्ता दिइनेछ । एक महिना बराबरको चाडपर्व खर्च उपलब्ध गराइने छ । साथै नेपाल सरकारले तोके बमोजिम वर्षमा १ पटक पोशाक भत्ता उपलब्ध गराइने छ ।

६.२.२ विद्यालयमा ?जु हाजिरको आधारमा प्रत्येक महिना एक दिन भैपरी आउने वा पर्व विदा पाउनेछ ।

६.२.३ आफ्नो रीत र परम्परा अनुसार बढीमा १५ दिन किरिया विदा ।

६.२.४ प्रसुति विदा तथा प्रसुति स्याहार विदा प्रचलित नियमानुसार पाउनेछ ।

६.३ स्वयम्सेवकको विदाको स्वीकृति सम्बन्धित विद्यालयको प्रधानाध्यापकले गर्नेछ । माथि उल्लेखित कुनै पनि विदा सञ्चित हुने छैन ।

## परिच्छेद–७
## विविध

७.१. बाधा अड्काउ फुकाउने :– यस कार्यविधि बमोजिम कार्य सम्पादन गर्दा कुनै बाधा व्यावधान उत्पन्न भएमा गाउँकार्यपालिकाको बैठकले बाधा अड्काउ फुकाउने छ ।

७.२. स्वयम्सेवक शिक्षकले नियुक्ति हुँदाका बखत गरेको करार सम्झौतामा उल्लेखित भए बमोजिमका सर्तवन्देजहरु पालना गर्नुपर्नेछ ।

७.३. देहायका आधारमा करार सम्झौत रद्द गरिनेछ ।

क) करारका शर्त बन्देज पालना नगरेमा,

ख) निजले स्वयम् करार रद्द गर्न चाहेमा,

ग) विद्यालयलाई उक्त शिक्षक आवश्यक नभएमा,

घ) विद्यालय एकीकरण भएमा,

ङ) विद्यालयमा शिक्षक दरवन्दी थप हुन गई उक्त दरवन्दी आवश्यक नदेखिएमा,

च) शिक्षकले आचरण सम्बन्धी कार्य बराबर उल्लङ्घन गरेमा ।

## अनुसूची–१
## नियम ६.२.१. संग सम्बन्धित

शिक्षण स्वयम्सेवकको मासिक निर्वाह भत्ता देहाय बमोजिम हुनेछ ।

क) माध्यमिक तहको २९,०००/– (अठ्ठाइस हजार मात्र)

ख) निम्नमध्यमिक तहको रु. १८,०००/– (अठार हजार मात्र)